# श्री जन जागृति माध्यमिक विद्यालय
## गैडहवा -३ गोबडौरी, रूपन्देही
स्था : २०३०/१०/१४

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः८३।८४

मितिः २०८३।०४।२५गते

च.न. : ८

श्री सूचना प्र.अ.ज्यू.
Wed site मा upload
गर्नुहोस् ।
८३।४।२५

श्री सरोकारवाला सबै ।

श्री जन जागृति माध्यमिक विद्यालय
स्था. २०३०
गैडहवा गा.पा.-३, रुपन्देही

विषय : आँपको वगैचा ठेक्का संम्बन्धी १५ दिने सार्वजानिक सुचना ।

प्रस्तुत विषयमा यस विद्यालयको भोगचलनमा रहेको साविक विष्णुपुरा कित्ता नं.५ ग २६६ मा रहेको आँपका वुटाहरु तथा फल दिने सम्पूर्ण वोटविरुवाहरु ठेक्कामा दिनुपर्ने भएकोले यस विद्यालयको वि.व्य.स.को मिति २०८३/४/२२ गतेको वसेको बैठकको निर्णय अनुसार ठेक्का लिन इच्छुक व्यक्ति तथा फर्मले उल्लेखित समयमा उपस्थित भई तपशीलको शर्त वमोजिम ठेक्का लिनका लागि यो १५ दिने सूचना सार्वजानिक गरिएको छ ।

तपशील

ठेक्काको नामः जन जागृति मा.वि. को आँपको बगैचाको ठेक्का
समयअवधी : २०८३ साउन देखि २०८६ असार मसान्त सम्म (३वर्ष)
ठेक्का को किसिम : वोली वढावढ
ठेक्का हुने मिति : २०८३/०५/१० गते बुधबार
ठेक्का हुने स्थान : विद्यालय प्राङ्गण
ठेक्का हुने समयः विहान १०:३० वजे
वगैचाको ठेक्का वोली सुरुवात रकम : ७५०००।-( पचहत्तर हजार ) ,३ बर्षको लागी मात्र।
ठेक्काको अन्य शर्तहरुः

१. ठेक्का वोलकवुल गर्ने नेपाली नागरिक हुनुपर्नेछ। प्रतिनिधि(एजेन्ट) मार्फत वोलकवोल गर्न पाइने छैन।
२. ठेक्का सदर भएको वोलकवोल गरेको रकम वार्षिक एक एक किस्तामा विद्यालयमा भुक्तान गर्नुपर्ने र पहिलो किस्ताको ५० प्रतिशत रकम ठेक्का सदर भएको दिन विद्यालयमा जम्मा गर्नुपर्ने छ ।
३.ठेक्का सदर गर्ने सम्पूर्ण अधिकार वि.व्य.स.मा निहित रहने छ ।
४.तोकिएको शर्त पालन नगरेमा ठेक्का वदर गर्ने अधिकार वि.व्य.स.मा.रहने छ ।
५.धरौटी शुरु रकमको १०% हुनेछ। (दश प्रतिशत )
६.ठेक्का वोलकवुल गरेर सकार नगरेमा १५ दिन पछि धरौटी रकम जफत गरी वि.व्य.स.को निर्णय अनुसार दोस्रो वोलकवुल गरेको व्यक्तिलाई ठेक्का दिने वा पुनः सुचना गर्ने अधिकार वि.व्य.स.मा रहनेछ ।

प्रधानाध्यापक
श्री जन जागृति माध्यमिक विद्यालय
गैडहवा-३ रुपन्देही

७.उक्त जग्गामा निर्माण गरिने संरचना ठेक्का अवधि समाप्त भएपछि स्वत:विद्यालयको हुनेछ ।

८. उक्त वगैचामा भएको जग्गा समेत उपभोग गर्न सकिनेछ तर जग्गा अनुकुल बनाउन डोजर,भ्याकु आदि लगाउनु परेमा विद्यालयसंग समन्वय गर्नुपर्नेछ । आफू खुशी गर्न पाइने छैन ।

९ विद्यालयको वगैचामा रहेको सम्पूर्ण आँप , कटहर लगायत फल प्रयोग बिक्री गर्न पाइनेछ । तर विद्यालयले थप वोटविरुवा रोप्न चाहेमा ठेकेदारसंग अनुमति लिनु पर्ने छैन । खाली जग्गामा जुनसुकै समय आवश्यक वोटविरुवा विद्यालयले लगाउन सक्नेछ ।

१०.ठेकेदारले कुनै पनि वोटविरुवा काँटछांट गर्न ,सुकेका दाउरा ,वुटा प्रयोग,गर्न पाइने छैन । फलफूल दिने आँप, कटहर वाहेकका वुटा विद्यालयलाई आवश्यक परेमा कटान गर्न सकिनेछ ।

११.ठेकेदार आफूले लिएको बगैचाको रेखदेख आफैले गर्नुपर्नेछ । कुनै किसिमको हानी नोक्सानी भएमा विद्यालयले वेहोर्ने छैन । तर हानी पुर्याउने पक्षलाई कानुनी दायरामा ल्याउनका लागि विद्यालयले सहयोग गर्नेछ ।

१२.वगैचा भित्रको सम्पुर्ण सर सफाइ राख्ने काम ठेकेदारको हुनेछ ।

१३.वगैचा ठेक्का लिएको ठेकेदारले तेस्रो पक्षलाई ठेक्का दिन सक्नेछ ।तर सो सम्बन्धमा विद्यालयलाई जानकारी गराउनु पर्नेछ र उक्त तेस्रो पक्षको करोवार दोस्रो पक्ष संग हुनेछ विद्यालय प्रथम पक्ष भएकाले दोस्रो पक्षको ठेकेदार जिम्मेवार हुनेछ ।

१४. कुनै वुटामा फल नलागेमा,सुकेमा, ढलेमा किस्ता रकममा मिनाहा वा छुट हुने छैन तर कुनै पनि वहानामा ठेक्कको किस्ता रकम रोक्न पाइने छैन ।

१५. ठेक्का सदर भएको वर्ष देखि आर्थिक वर्षको अन्त हुनु एक महिना अगावै जेठ मसान्त सम्ममा सम्पूर्ण किस्ता रकम भुक्तान गर्नुपर्नेछ । अन्यथा सोही आर्थिक वर्षमा ठेक्का वदर गरी नयां ठेक्का प्रकृया अगाडी वढाइनेछ ।

१६.ठेकेदार सदर भएको ठेकेदरको धरौटी रकम अन्तिम किस्तामा मिलान गरिनेछ भने उल्लेखित शर्तहरु पालन नगरेमा धरौटी जफत गरि ठेक्का बदर गरिनेछ ।

१७. विद्यालयको प्रयोजनका लागी कुनै फल दिने आँपको वुटा कटाउन पर्ने अवस्था आएमा दुई वा दुई भन्दा वढी वुटा परेमा किस्ता रकममा पुर्नविचार गरिनेछ अन्यथा दुई भन्दा कम वुटा एक आथिक वर्षमा काटदा वा कटाउन परेमा , ढलेमा कुनै छुट मिनाहा गरिने छैन ।

थप जानकारीका लागी विद्यालय समयमा ९७४३४७४७०१ व ९८०५४०५६८२ मा सर्म्पक गर्न सकिनेछ ।

श्री जन जागृति माध्यमिक विद्यालय
स्था. २०३०
गैडहवा गा.पा.-३, रुपन्देही

प्रधानाध्यापक
रमेश कुमार साउ

प्रधानाध्यापक
श्री जन जागृति माध्यमिक विद्यालय
गैडहवा-३,रुपन्देही